# नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७३

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : "(१) यस कार्यविधिको नाम "नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७३" रहेको छ ।"

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।"

२. <u>नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ मा संशोधन</u>: नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ को दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :–

"१२. **<u>राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिलाई औषधोपचारको आर्थिक सहायता:</u>**

१२.१. देहायका व्यक्तिहरुलाई मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, कलेजो, अप्लाष्टिक एनिमिया, थालिसिमिया, मशितष्क आघात, सिकलसेल एनिमिया जस्ता कडा रोगको उपचारका लागि आफूले खर्च व्यहोर्न नसक्ने भएमा नेपालमा वा विदेशमा गई उपचार गराउँदा नेपाल सरकारले देहाय वमोजिमको रकममा नवढ्ने गरी औषधोपचारको व्यवस्था गर्न सक्नेछ:-

(क) पूर्व राष्ट्रपति, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री, पूर्व सभामुख र पूर्व प्रधान न्यायाधीशका लागि बढिमा पन्ध्र लाख रुपैंया ।

(ख) पूर्व उपसभामुख, पूर्व उपप्रधानमन्त्री, पूर्व मन्त्री, पूर्व राज्यमन्त्री, पूर्व सहायक मन्त्री, पूर्व संसद सदस्य, पूर्व संवैधानिक निकायका पदाधिकारीका लागि बढिमा दश लाख रुपैंया ।

(ग) शिक्षा, कला, साहित्य, सङ्गीत, राजनीति, सार्वजनिक प्रशासन, कानून वा न्याय, सुरक्षा, सञ्चार, खेलकुद लगायत सामाजिक र राष्ट्रिय जीवनमा उल्लेख्य योगदान पुऱ्याएका व्यक्तिका लागि बढिमा सात लाख रुपैंया ।

१२.२. उपदफा १२.१ बमोजिमको औषधि उपचार सहायता माग गर्ने विरामीले स्वदेशको हकमा रोग खुलेको चिकित्सकको प्रेस्क्रिप्सन, नागरिकताको प्रतिलिपि र विदेशमा गई उपचार गराउनु पर्ने भएमा नेपाल मेडिकल वोर्डवाट विरामीको उपचार स्वदेशमा सम्भव नहुनाको कारण सहितको सिफारिस पत्र संलग्न गरी स्वास्थ्य मन्त्रालयमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

१२.३. उपदफा १२.१ वमोजिमको औषधि उपचार वापतको रकम लिन विरामीले सरकारी वा सामुदायिक अस्पतालमा उपचार गराउनु पर्नेछ ।

१२.४ कुनै विरामीको सरकारी वा सामुदायिक अस्पतालमा उपचार हुन नसक्ने भनी सो अस्पतालले कारण समेत उल्लेख गरी सिफारिस गरेमा निजी अस्पतालमा समेत उपचार गर्न सकिनेछ ।

१२.५ स्वदेशका अस्पतालमा उपचार सम्भव हुँदाहुँदै कुनै विरामीले आफुखुसी विदेशको अस्पतालमा उपचार गराएमा यस कार्यविधि बमोजिम औषधि उपचार उपलब्ध गराइने छैन ।

१२.६ नेपालमानै विरामीको उपचार उपलब्ध हुनसक्नेमा जानीजानी विदेशमा उपचार गर्नुपर्ने भनी सिफारिश गर्ने चिकित्सक एवं नेपाल मेडिकल वोर्डका सदस्यहरुलाई विभागीय कारवाही गरिनेछ र विरामीले उपचार वापत पाएको रकम त्यस्ता चिकित्सक वा सदस्यबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१२.७ उपदफा १२.१ वमोजिमको आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा सिफारिस गर्न देहाय वमोजिमको एक औषधि उपचार सहायता सिफारिस समिति रहनेछः–

| | |
|---|---|
| (क) सचिव, स्वास्थ्य मन्त्रालय | -अध्यक्ष |
| (ख) महानिर्देशक, स्वास्थ्य सेवा विभाग | -सदस्य |
| (ग) महाशाखा प्रमुख, चिकित्सा सेवा महाशाखा, स्वास्थ्य मन्त्रालय | -सदस्य |
| (घ) सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| (च) अध्यक्ष, नेपाल मेडिकल वोर्ड | -सदस्य |
| (छ) निर्देशक, व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग | -सदस्य सचिव |

१२.८ उपदफा १२.७ बमोजिमको समितिको वैठक आवश्यकता अनुसार बस्नेछ र बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गर्नेछ ।

१२.९ यस कार्यविधि बमोजिम विरामीलाई औषधि उपचार वापत आर्थिक सहायता उपलब्ध गराउनु अघि उपदफा १२.७ बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारवाट स्वीकृत भएको हुनु पर्नेछ ।

१२.१० विरामीलाई शुरुमा नेपाल सरकारवाट स्वीकृत भए बमोजिमको रकमको पचास प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम चिकित्सकको प्रेस्क्रिप्सन, वील, भर्पाइ संलग्न भई पेश भएपछि उपलब्ध गराइनेछ । विरामीले चिकित्सकको प्रेस्क्रिप्सन,

वील, भर्पाइ पेश गरी आर्थिक सहायताको रकम फछ्र्यौट गर्नु पर्नेछ । कुनै विरामीले बील फछ्र्यौट नगरेमा निजलाई दिइएको रकम सरकारी बाँकी सरह असुल गरिनेछ ।

१२.११ उपदफा १२.१० मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वदेशमा उपचार गराउने विरामीको हकमा स्वीकृत भए बमोजिमको रकम विरामीको उपचार पश्चात अस्पतालले स्वास्थ्य सेवा विभागलाई दिएको प्रतिवेदनका आधारमा सम्बन्धित अस्पताललाई सोधभर्ना स्वरुप उपलब्ध गराइनेछ । अस्पतालले सोधभर्ना माग गर्ने प्रतिवेदन फाराम अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

१२.१२ उपदफा १२.१० बमोजिमको रकम पेश्की लिन वा पेश्की फछ्र्यौट गर्न सम्बन्धित विरामी आउन नसक्ने अवस्था रहेमा विरामीको नजिकको नातेदार (आमा, बुवा, दाजु, भाई, छोरा, छोरी वा नजिकको हकदार) लाई स्वीकृत भए बमोजिमको रकम पेश्की दिन वा निजबाट आवश्यक वील भर्पाइ लिई पेश्की फच्र्छौट गर्न सकिनेछ ।

१२.१३ कुनै विरामीलाई उपदफा १२.१ बमोजिमको रकममा नबढाई एकैपटक वा पटकपटक गरी रकम उपलब्ध गराउन सकिनेछ ।

१२.१४ विरामीलाई औषधि उपचारको सहायता दिनु अघि निजले नेपाल सरकारबाट औषधि उपचार वापत रकम लिए नलिएको र लिएको भए कति रकम लिएको हो सो उद्घोष गराउनु पर्नेछ ।

१२.१५ यो दफा प्रारम्भ भएपछि औषधि उपचार सहायता सम्वन्धी प्रस्ताव स्वास्थ्य मन्त्रालय मार्फत मात्र नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिनेछ ।

१२.१६ स्वास्थ्य मन्त्रालयले औषधि उपचार बापतको रकम निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नुपूर्व अर्थ मन्त्रालयको सहमति लिनपर्नेछ ।

१२.१७ औषधि उपचारको रकम प्राप्त गर्ने विरामीले स्वास्थ्य विमा वापत पनि रकम प्राप्त गर्ने भएमा विमावाट प्राप्त हुने रकम कटाई वाँकी खर्चको विल बमोजिम मात्र यस कार्यविधि वमोजिम औषधि उपचार खर्च उपलब्ध गराइनेछ ।

१२.१८ उपदफा १२.१ बमोजिम विरामीलाई उपलब्ध गराएको रकमको खर्चको विवरण सहित प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउनु स्वदेशभित्रका सम्वन्धित अस्पतालको कर्तव्य हुनेछ ।

१२.१९ यस कार्यविधि बमोजिम उपचार खर्च प्राप्त गर्ने व्यक्तिहरुको नाम सहितको विवरण मन्त्रालयको वेबसाइटमा राखिनेछ ।

१२.२० यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो दफा बमोजिम उपचार वापत आर्थिक सहायता माग गर्ने व्यक्तिले प्रचलित कानून बमोजिम नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको संगठित संस्थाबाट औषधि उपचार वापत रकम पाउने भए यस कार्यविधि बमोजिम आर्थिक सहायता दिइने छैन ।

१२.२१ यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि प्रारम्भ हुनु अघि विदेशमा औषधि उपचारका लागि आर्थिक सहायता माग गरी नेपाल मेडिकल बोर्डको सिफारिस सहित निवेदन दर्ता गराएका विरामीको हकमा समेत यस कार्यविधि बमोजिमको प्रकृया अवलम्वन गरिनेछ ।

# अनुसूची १

(दफा १२.२ सँग सम्बन्धित)

## औषधोपचारको लागि आर्थिक सहायता माग गर्दा दिनुपर्ने निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू
स्वास्थ्य मन्त्रालय, काठमाडौं ।

विषय: **औषधोपचार गर्न आर्थिक सहायता पाउँ ।**

महोदय,

मलाई मिति ...............देखि .....................रोग लागि हाल.....................अस्पतालमा उपचारको क्रममा रहेको र मेरो आर्थिक अवस्था कमजोर भई आफ्नै खर्चमा उपचार गर्न नसक्ने भएको हुँदा मलाई थप उपचारका लागि रु................ रकम आर्थिक सहायता पाउन तपसिल बमोजिमको मेरो व्यक्तिगत विवरणसहित यो निवेदन पेश गरेको छु ।

### व्यक्तिगत विवरण

१. विरामीको नाम:

२. बुवाको नाम: ३.आमाको नाम:

४. पति/पत्नीको नाम:

५. विरामीको स्थायी ठेगाना: जिल्ला: गा.वि.स/न.पा:
वडा नं.: टोल:

६. हालको ठेगाना: जिल्ला: गा.वि.स/न.पा:
वडा नं.: टोल:

७. नागरिकता नं.: जारी जिल्ला: जारी मिति:

**८. उपचार गराइ रहेको वा गराउने अस्पतालको विवरण**

| अस्पतालको नाम | उपचार मिति | खर्च भएको भए सो रकम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

९. यस अघि नेपाल सरकारबाट औषधि उपचार सहुलियत/सहायता लिए/नलिएको:(लिएको भए मिति, प्रदान गर्ने निकाय र रकम खुलाउने)

**१०. सम्पत्ति/ आर्थिक अवस्थाको विवरण:**

(यसमा महलमा एकासगोलका परिवारको आय विवरण उल्लेख गर्नु पर्नेछ)

| आय विवरण | अनुमानित वार्षिक आय/मूल्य | कैफियत(आयको प्रकार खुलाउने) |
|---|---|---|
| (क) घर जग्गाको विवरण/आय | | |
| | | |
| | | |
| (ख) पारिश्रमिक आय | | |
| | | |
| (ग) व्यवसायिक आय | | |
| | | |
| (घ) अन्य आय | | |
| जम्मा आय | | |

११. सवारी साधन र अन्य भौतिक सम्पत्तिको विवरण

(क) कार, जिप: (ख) मोटरसाइकल (ग) बस ट्रक: (घ) अन्य(केही भए खुलाउने):

१२. उपचार सहायता माग गर्नु पर्नाको कारण:

..........................................................................................................

..........................................................................................................

१३. आफु र आफ्नो परिवारले देश र जनता प्रति पुऱ्याएको योगदान बारे उल्लेख गर्ने:

उपरोक्त व्यहोराहरु ठीक साँचो छ। उपचार सहायता पाउने प्रयोजनका लागि मैले कुनै कुरा लुकाएको छैन्। कुनै कारणबाट उपरोक्त व्यहोरा प्रमाणित हुन नआएमा नेपाल सरकारबाट लिएको उपचार खर्च सयकडा दश व्याज सहित सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मञ्जुरी छ।

<u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१) नागरिकताको प्रतिलिपि।
२) रोग खुलेको चिकित्सकको प्रेस्क्रिप्सन।
३) विदेशमा गई उपचार गराउनु पर्ने भएमा नेपाल मेडिकल वोर्डको सिफारिश।
४) अन्य थप विवरण।

**निवेदकको**

नाम,थर:

दस्तखत:

सम्पर्क नं.

मिति:

# अनुसूची २

(दफा १२.११ सँग सम्बन्धित)

## उपचार प्रतिवेदन फाराम

| क्र.सं. | विरामीको नाम | उमेर/लिंग | | | ठेगाना | रोगको किसिम | उपचारमा खर्च भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेश्रो लिंगी | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अस्पतालको छाप

विवरण पेश गर्ने अस्पताल

प्रमुखको नामथर:

दस्तखत:

मिति:

”